मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## आजदेखि जनमतको महाधिवेशन

**मधेशदृष्टि**
**वीरगंज।**
जनमत पार्टीको दोस्रो महाधिवेशन आज शनिबारदेखि वीरगंजमा हुँदैछ। असोज ९ गतेका लागि तय भएको महाधिवेशन अविरल वर्षाका कारण स्थगित भएपछि नयाँ मिति तय भएको हो । महाधिवेशनबाट चयन हुने केन्द्रीय कार्यकारिणी समितिका लागि उम्मेदवारी दर्ता भइसकेको छ । विभिन्न पदमा १ सय ३ जनाले उम्मेदवारी दिएका छन् । अध्यक्ष पदमा डा. सीके राउतको मात्रै उम्मेदवारी परेको छ । सात उपाध्यक्षका लागि १४, महासचिवका लागि ३, उपमहासचिवम दुई र सात सचिव पदका लागि १० उम्मेदवारी मनोनयन भएको छ। कार्यकारिणी समिति सदस्यमा ७३ उम्मेदवारी दर्ता भएको छ।

वर्ष ४ • अंक २९७ • २०८३ साल असोज १७ गते शनिबार • Saturday 03, October 2026 • सूर्योदयः बिहान ०५:४७ बजे • सूर्यास्तः साँझ ०५:४३ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# एसपीको चासोपछि घुमुवा प्रहरी एक लाखसहित पक्राउ

## प्रहरी निरीक्षक समुन्नत अधिकारीमाथि कारबाहीमा किन आनाकानी ?





**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीमा कार्यरत प्रहरी अधिकारी र उनले खटाएका घुमुवा प्रहरीको कार्यशैली पुनः विवादमा परेको छ । प्रहरी निरीक्षक समुन्नत अधिकारीले आफ्ना मातहत परिचालन गरेका घुमुवा प्रहरी पप्पु पण्डित १ लाख रुपैयाँ अवैध रकम असुलीको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्सा तानिएपछि प्रहरीको आन्तरिक कमान्ड र नियन्त्रणमाथि गम्भीर प्रश्न खडा भएको हो।

पण्डित पछिल्लो तीन दिनदेखि जिल्लाको नियन्त्रणमा छन् । यसअघि पनि निरीक्षक अधिकारीले नै सादा पोसाकमा परिचालन गरेका प्रहरी जवान श्रीलाल मण्डल र सुशील मण्डल गैरकानुनी रकम असुलीको आरोपमा जिल्ला तानिएका थिए । लगातार तेस्रोपटक उस्तै आरोपमा घुमुवाहरू कारबाहीस्वरूप जिल्ला तानिनुले पटेर्वा सुगौलीमा प्रहरीको बदनामी र आचरणगत समस्या दोहोरिइरहेको पुष्टि गर्छ।

इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रमुख प्रहरी निरीक्षक समुन्नत अधिकारीको असुली आतंकले समाजमा आतंकित छ नै, प्रहरी संगठनको समेत बदनाम भइरहेको छ।

प्रहरी निरीक्षक अधिकारीको असुली आतंकको विरुद्ध जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक पवन कुमार भट्टराईले सुइँको पाएपछि प्रहरी निरीक्षक अधिकारीले आफू जोगिने उपाय रच्दै आफूले खटाएका घुमुवालाई बलीको बोका बनाइरहेको खुलासा भएको छ।

जिल्लाले नियन्त्रणमा लिएको पण्डितको साथबाट एक लाख रुपैयाँ नगद बरामद भएको समाचार स्रोतको दाबी छ । स्थानीयका अनुसार पण्डीतले प्रहरी निरीक्षक अधिकारीले खटाएको स्थानबाट रकम असुली गरेका थिए। रकम अधिकारीलाई बुझाउन नपाउँदै जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक पवन कुमार भट्टराईले थाहा पाएका हुन्।

पटक–पटक घुमुवा जिल्लामा तानिए पनि प्रहरी निरीक्षक अधिकारीलाई भने स्थानीय जनप्रतिनिधि र उनका सहयोगीहरूले चोख्याएर बचाउने गरेका स्रोतको दाबी छ।

### एक लाख असुली र रहु माछाको प्रसङ्ग

स्थानीय स्रोतका अनुसार असोज १३ गते साँझ सखुवा प्रसौनी गाउँपालिका–१, मधुवनमथवलका स्थानीय लक्ष्मण सहनी आफ्नै घरनजिकैको पोखरीमा माछालाई अक्सिजन दिने व्यवस्था मिलाउँदै थिए। सोही क्रममा मनवा बजारबाट फर्किंदै गरेका प्रहरी निरीक्षक समुन्नत अधिकारीले सहनीलाई प्रहरी चौकी रंगपुर जान भनेका थिए।

सहनीले कारण सोध्दा, उनका छोराविरुद्ध 'चेक बाउन्स' को उजुरी परेकाले छलफल गर्नुपर्ने जवाफ दिइयो । आफूविरुद्ध कुनै आधिकारिक उजुरी नरहेको भन्दै सहनीले जान अस्वीकार गरेपछि निरीक्षक अधिकारीले 'नआए हत्कडी लगाएर लैजाने' चेतावनी दिए । दबाबपछि सहनी प्रहरी चौकी रंगपुर पुग्न बाध्य भए।

चौकीमा पु¥याएपछि सहनीलाई छुटाउन आफन्तहरूसँग १ लाख रुपैयाँ माग गरिएको थियो। रकम घुमुवा प्रहरी पप्पु पण्डितमार्फत बुझाइएको र पछि रकम पण्डितको कब्जाबाटै बरामद भएको दाबी गरिएको छ । रकम इन्स्पेक्टर अधिकारीसमक्ष पुग्नुअघि नै रंगपुरका एक प्रहरी कर्मचारीले जिल्ला प्रहरी प्रमुख पवन भट्टराईलाई सूचना दिएपछि यो घटना सतहमा आएको हो।

स्थानीयस्तरमा भने सहनीको पोखरीबाट प्रहरीले रहु माछा पनि लगेका थिए। 'जिल्लाबाट पक्राउ गर्न तथा अनुसन्धान गर्न आदेश आएको छ' भन्दै नामावली देखाएर प्रहरी निरीक्षक अधिकारीले असुली गरिरहेको विषयलाई लिएर प्रहरी प्रशासनको चर्को आलोचना भइरहेको छ।

### गुनासोपछि कारबाहीः जिल्ला तानिए पण्डित

घटनाबारे उजुरी र गुनासो आएपछि पर्साका प्रहरी प्रवक्ता (डिएसपी) चक्र मल्लले प्रहरी जवान पप्पु पण्डितलाई जिल्ला प्रहरी कार्यालय तानिएको पुष्टि गरेका छन् । यद्यपि, यसअघि असुलीकै आरोपमा तानिएका श्रीलाल मण्डल र सुशील मण्डलमाथि जिल्ला प्रहरी कार्यालय पर्साले के–कस्तो विभागीय कारबाही ग¥यो भन्ने विषयमा हालसम्म कुनै स्पष्ट र आधिकारिक जानकारी सार्वजनिक गरिएको छैन। यसले प्रहरीभित्रै छानबिन प्रक्रिया ढिलासुस्ती हुने र दोषीलाई उम्क्याउन खोजिने आशंका बढाएको छ।

### सीमावर्ती तस्करी र अवैध धन्दा नियन्त्रणमा प्रहरीकै भूमिकामाथि शंका

पटेर्वा सुगौली र यस वरपरका मिलनचोक, बडनिहार, हरपुर,

*बाँकी पृष्ठ ३ मा*

# अढाई महिनादेखि प्रदेशसभा बिजनेसविहीन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सभाको बैठक साढे दुई महिनादेखि बस्न नसकेपछि सभामुख रामअशिष यादवले प्रदेश सभा सञ्चालनप्रति सरकारको चासोमाथि प्रश्न उठाएका छन्।

प्रदेश सभा बैठक आह्वानका विषयमा आफूले मुख्यमन्त्री कृष्णप्रसाद यादवसँग पटकपटक छलफल गरे पनि मन्त्रिपरिषद्बाट बैठक बोलाउने निर्णय हुन नसकेको सभामुख यादवले बताएका छन्।

उनका अनुसार लामो समयदेखि प्रदेश सभा बैठक विजनेसविहीन हुँदा विधायिकी काम प्रभावित हुनुका साथै प्रदेशसभा सदस्यहरू जनप्रतिनिधिका रूपमा आफ्नो मुख्य जिम्मेवारी निर्वाह गर्नबाट समेत टाढिनुपर्ने अवस्था बनेको छ । सभामुख यादवले प्रदेश सभा बैठक सञ्चालन गर्ने विषय सरकारको प्राथमिकतामा पर्नुपर्ने बताए। मुख्यमन्त्रीसँगको भेट तथा छलफलमा बैठक आह्वानका लागि पटकपटक ध्यानाकर्षण गराए पनि अहिलेसम्म मन्त्रिपरिषद्बाट औपचारिक निर्णय नआएको उनको भनाइ छ।

'मैले मुख्यमन्त्रीज्यूसँग पटकपटक प्रदेश सभा बैठक बोलाउने विषयमा छलफल गरेको छु । तर, मन्त्रिपरिषद्बाट बैठक आह्वान गर्ने निर्णय नआएकाले बैठक बस्न सकेको छैन, 'सभामुख यादवले भने, 'प्रदेशसभा सञ्चालन गर्ने विषयमा सरकारको पर्याप्त चासो देखिन आवश्यक छ।'

प्रदेश सभा बैठक सञ्चालन नभए पनि प्रदेशसभा सदस्यहरूको तलबभत्ता लगायतका शीर्षकमा राज्यकोषबाट खर्च भने भइरहेको छ। पछिल्लो साढे दुई महिनाको अवधिमा प्रदेशसभा सदस्यहरूको तलबभत्तामा मात्रै करिब १ करोड ४० लाख रुपैयाँ खर्च भएको जनाइएको छ।

बैठक सञ्चालन नभएको अवस्थामा समेत ठूलो रकम तलबभत्तामा खर्च भइरहँदा प्रदेश सभा सञ्चालनमा सरकारको उदासीनतामाथि प्रश्न उठेको छ। सभामुख यादवले प्रदेश सभाको बैठक नियमित रूपमा सञ्चालन गरी आवश्यक कानुन निर्माण, सरकारका कामकारबाहीमाथि छलफल तथा जनताका समस्या सदनमा उठाउने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन्।

# शव नभेटिएपछि ३६औँ दिनमा कुशको शव बनाएर दाहसंस्कार



**मधेशदृष्टि**
**बारा।**
रसुवा जिल्लामा गत भदौ १० गते आएको विनाशकारी बाढीमा परी बेपत्ता भएका बारागढी गाउँपालिका–१, पिपरा टोलका २० वर्षीय सुबोध शर्माको शव एक महिनाभन्दा बढी समयसम्म नभेटिएपछि अन्ततः कुशको शव बनाएर दाहसंस्कार गरिएको छ। बाढी आएको ३६ दिनसम्म आफ्नो छोराको शव भेटिने आशामा पर्खिएका परिवारजनले अन्ततः शव नै नभेटिएपछि शुक्रबार हिन्दू संस्कारअनुसार कुशको शव बनाएर दाहसंस्कार गरेका हुन्।

स्थानीय जातीय समुदायका व्यक्तिहरूको पहलमा शर्माको ३६औँ दिनमा दाहसंस्कार गरिएको हो। परिवारका अनुसार लामो समयसम्म शव खोजी गर्दा पनि कुनै टुंगो नलागेपछि बाध्य भएर कुशको शव बनाएर अन्तिम संस्कार गर्नुपरेको हो । मृतकका दाजु नवल शर्माका अनुसार बाढी आएको दिनदेखि नै सुबोध सम्पर्कविहीन भएका थिए । भाइको अवस्था पत्ता लगाउन परिवारले एक महिनासम्म विभिन्न ठाउँमा धाउँदा पनि कुनै जानकारी प्राप्त गर्न सकेन । त्यसपछि नेपाल प्रहरीले सार्वजनिक गरेको शव पहिचानसम्बन्धी वेबसाइटमा राखिएका तस्बिर हेर्दा काठमाडौंस्थित टिचिङ अस्पतालमा रहेको एउटा शव सुबोधकै हुनसक्ने परिवारले पहिचान गरेको थियो।

तर, उक्त शवलाई यसअघि नै चार जना अन्य परिवारले आफ्ना आफन्तको शव भएको दाबी गरिसकेका कारण पहिचानमा विवाद उत्पन्न भएको थियो । त्यसपछि डीएनए परीक्षण गर्नुपर्ने अवस्था आएको नवल शर्माले बताए। नवलका अनुसार डीएनए परीक्षणका लागि उनका बुवाको रगतसमेत दिइएको तीन साताभन्दा बढी समय बितिसकेको छ, तर अहिलेसम्म परिवारले सुबोधको शव पाउन सकेको छैन।

'काठमाडौंस्थित टिचिङ अस्पतालमा गएर राखिएको तस्बिर हेर्दा हामीले आफ्नो भाइको शव पहिचान गरेका थियौँ । तर, त्यही शवलाई चार जना अन्य परिवारले पनि आफ्नो आफन्त भएको दाबी गरेका रहेछन् । त्यसपछि डीएनए परीक्षण गर्न भनियो । बुवाको रगतसमेत परीक्षणका लागि दिएको तीन हप्ताभन्दा बढी भइसक्यो, तर अहिलेसम्म शव पाएका छैनौँ,' नवलले भने।

उनका अनुसार शव पाउने आशमा परिवारले एक महिनासम्म विभिन्न निकाय धाउँदै आएको थियो । तर, शवको पहिचान र हस्तान्तरणको प्रक्रिया टुंगिन नसकेपछि अन्ततः ३६औँ दिनमा कुशको शव बनाएर दाहसंस्कार गर्नुपरेको हो।

### डीएनए रिपोर्टको प्रतीक्षामा भरतपुरमा शव

बाढीमा बेपत्ता भएर आएकाहरुको शवलाई उद्वार गरी भरतपुर स्थित सरकारको पहलमा आधुनिक तरिकाबाट गाडेर राखिएको छ । सोही शवहरुमा बेपत्ता सुबोधको शव पनि राखिएको परिवारले जनाएको छ । तर, डीएनए परीक्षण पूरा नभएकै कारण उक्त शव परिवारको जिम्मा लगाइएको छैन। दाजु नवल शर्मा शव बुझ्न भरतपुर पुगेका थिए । तर, भरतपुरस्थित जिल्ला प्रशासन कार्यालयले डीएनए परीक्षणको रिपोर्ट भेरिफाइ भएर आएपछि मात्रै शव परिवारलाई जिम्मा लगाउने जानकारी दिएपछि उनीहरू शव नलिई घर फर्किन बाध्य भएका थिए।

शव पाउने निश्चितता नभए पनि धार्मिक संस्कार रोकिराख्न नसकिने भएपछि परिवारले शुक्रबार कुशको शव बनाएर सुबोधको अन्तिम संस्कार गरेको

*बाँकी पृष्ठ ३ मा*



## सम्पादकीय

# पर्सा प्रहरीभित्र भएको के हो र घुमुवा हिरासतमा पुगे !

चाडपर्वको समयमा सर्वसाधारणको सुरक्षा, बजार अनुगमन र अपराध नियन्त्रणमा अहोरात्र खटिनुपर्ने प्रहरी प्रशासन पर्सामा भने रकम असुली र बिचौलिया धन्दामा लिप्त भएको गम्भीर आरोप सार्वजनिक हुनु नागरिक सुरक्षाका दृष्टिकोणले अत्यन्त चिन्ताजनक छ। चाडबाडको मौका छोपेर मुद्दा चलिरहेका र शंकास्पद छवि भएका व्यक्तिहरूसँग प्रहरी नेतृत्वको अस्वाभाविक उठबस हुनु र त्यसलाई आर्थिक लाभको माध्यम बनाइनुले सुरक्षा निकायको व्यावसायिक निष्ठामाथि नै ठूलो प्रश्नचिह्न खडा गरेको छ। कानुन कार्यान्वयन गर्ने निकाय नै अपराधका कारकहरूसँग साँठगाँठ गर्न पुग्दा सम्पूर्ण प्रहरी संगठनको छवि धुमिल बन्न पुग्छ।

प्रहरी निरीक्षक (इन्स्पेक्टर) को निर्देशनमा माथिल्लो तहसम्म रकम पु¥याउने नियतले खटाइने 'घुमुवा' प्रहरी पैसाको लेनदेनका क्रममा दशी–प्रमाणसहित पक्राउ परेको घटनाले झन् ठूलो खलबली मच्चाएको छ। रङ्गेहात प्रमाणसहित नियन्त्रणमा लिइएका वा कारबाहीको दायरामा ल्याइएका पात्रहरूलाई गुपचुप राखिनु र घटनालाई बाहिर आउन नदिई सामसुम पार्न खोज्नुले प्रहरीभित्रको आन्तरिक संरक्षण प्रणाली कति संस्थागत भइसकेको छ भन्ने छर्लङ्ग पार्छ। सत्यतथ्य सूचना सार्वजनिक गर्नुको सट्टा छानबिनलाई ओझेलमा पार्ने यो प्रयासले कानुनको नजरमा जोकोही बराबर हुन्छन् भन्ने लोकतान्त्रिक मान्यताको खुला उपहास गरेको छ।

सूचना संकलनका नाममा प्रहरीभित्र वर्षौंदेखि हुर्काइएको 'घुमुवा' संस्कृति अहिले अपराध नियन्त्रणको साधन नभई गैरकानुनी असुलीको संयन्त्रमा परिणत भएको छ। विशेष गरी सीमावर्ती जिल्लाहरूमा तस्कर, व्यापारी र मुद्दाका अभियुक्तहरूसँग नियमित दरभाउ मिलाएर रकम उठाउने र माथिल्लो तहसम्म भागबण्डा पु¥याउने काममा घुमुवाहरूको प्रयोग हुनु प्रहरी संगठनको गम्भीर विचलन हो। पेसागत मर्यादा र आचारसंहिता विपरीत चल्ने यस्ता असुली धन्दाले प्रहरीको जनविश्वास त गुमाएकै छ, साथै राज्यको सुरक्षा संयन्त्रलाई नै लिलामीको विषय बनाएको छ।

अपराधको अनुसन्धान गर्ने र अपराधीलाई कानुनको दायरामा ल्याउने जिम्मेवारी पाएको प्रहरी अधिकारी नै अभियुक्तको संरक्षणकर्ता बन्नु राज्य संयन्त्रका लागि लज्जास्पद विषय हो। जब मुद्दा चलिरहेका व्यक्तिहरूसँग प्रहरीको उठबस र लेनदेन हुन्छ, तब पीडितले न्याय पाउने सम्भावना पूर्ण रूपमा समाप्त हुन्छ। आर्थिक प्रलोभनमा परेर अपराधलाई संरक्षण दिने यस्ता प्रवृत्तिले दण्डहीनतालाई प्रश्रय दिन्छ र समाजमा अपराधीहरूको मनोबल उच्च बनाउँछ, जसले गर्दा आम नागरिकमाझ राज्य प्रणालीप्रति नै निराशा र आक्रोश जन्मिन पुग्छ।

तसर्थ, पर्सामा घटेको यो असुली काण्ड र यसलाई ढाकछोप गर्ने प्रयासको तत्काल उच्चस्तरीय र निष्पक्ष छानबिन हुनु अनिवार्य छ। घटनामा संलग्न घुमुवा प्रहरी मात्र होइन, उनीहरूलाई परिचालन गर्ने प्रहरी निरीक्षक तथा मौन समर्थन दिने माथिल्लो नेतृत्वलाई समेत कानुनी र विभागीय कारबाहीको दायरामा ल्याइनुपर्छ। प्रहरी महानिर्देशनालय र गृह मन्त्रालयले यस्ता विचलनलाई केवल व्यक्तिगत अपराध मान्ने गल्ती नगरी 'घुमुवा' प्रथाको पूर्ण अन्त्य र पारदर्शी आन्तरिक अनुगमन प्रणालीको निर्माणमा ठोस कदम चाल्नै पर्छ, अन्यथा प्रहरीप्रति नागरिकको विश्वास पुनःस्थापित हुन सम्भव छैन।

# त्रिशूली करिडोरको विकासका लागि एकीकृत गुरुयोजनाको खाँचो

–डा बाबुराम भट्टराई

भोटेकोशी विपत्तिलाई सामान्य बाढी मात्रै ठान्नु उपयुक्त हुँदैन। यो बाढी होइन, यो त हिमाली महाविपत्ति हो। हिमालको बरफ र चट्टानको पहिरो नदी तालमा ठोक्किएर, सबै बगेर ढुङ्गामुढा र गेग्रानसहितको जलप्रलय भयो। यस्तो घटना बिसवको विपद्को इतिहासको असाध्यै बिरलै भएको परिघटना हो। वातावरणीय विनाशले गर्दा आगामी दिनमा यस खालका समस्या झन् बढ्ने सम्भावना रहन्छ। नेपालजस्तो कम विकसित र गरिब देशमा यसखालका घटना हुँदा भौतिक, मानवीय र सामाजिक रुपमा ठूलो क्षति पुगेको छ। भोटेकोशी बाढीले रसुवागढीदेखि तटीय क्षेत्रसम्म पुर्याएको क्षतिको प्रारम्भिक अनुमान झण्डै रु चार खर्ब छ।

उक्त विपद्को द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनअनुसार पुनर्निर्माण एवं पुनःस्थापनाका लागि रु सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपैयाँ आवश्यकपर्ने अनुमान छ। त्यो त आर्थिक क्षतिको विषय भयो। बाढीबाट जुन खालको मानवीय क्षति भयो, परिवार छिन्नभिन्न भए, बालबालिका अभिभावकविहीन भएका छन्, जलविद्युत्जस्ता ठूला, रुपान्तरणकारी पूर्वाधार आयोजना ध्वस्त भएका छन्, यसले परिवारदेखि राष्ट्रिय अर्थतन्त्रमै दूरगामी नकारात्मक असर पारेको छ।

घटना भएको केही दिनपछि म प्रभावित क्षेत्र पुगेको थिएँ। आफूलाई लागेको सुझाव मैले त्यहाँ पनि सरोकारवालालाई दिएँ। अब सरकार र अन्य निकायलाई भन्न चाहन्छु– यो विपत्तिबाट सिकेर अब आगामी दिनमा जुन हिमाल पग्लने र यस्तो विपत्ति आउने बढी खतरा हुन्छ, त्यसलाई ध्यान दिँदै सम्पूर्ण देशको नै एउटा भू–उपयोग योजना बनाउनुपर्छ। कुन ठाउँ केका निम्ति प्रयोग गर्ने ? बस्तीको निम्ति कुन भूगोल उपयुक्त हुन्छ, खेतीपातीका लागि कुन उपयुक्त हुन्छ, उद्योगधन्दाका लागि कुन उपयुक्त हुन्छ भन्ने वैज्ञानिक अनुसन्धानबाट निष्कर्षमा पुग्नुपर्छ। यी आधारमा मात्रै विकासको बाटो अगाडि लानुपर्छ। म आफैँ एउटा सहरी तथा क्षेत्रीय विकास योजनाको विद्यार्थी हुनुको नाताले पनि यसको सुरुआत त्रिशूली करिडोरबाट गर्नुपर्छ भन्ने लाग्दछ। त्रिशूली करिडोरको एकीकृत ढङ्गले नै एउटा गुरुयोजना बनाएर काम गर्नुपर्छ।

विपद्बाट जति नागरिक विस्थापित भएका छन् तीनको पुनःस्थापना सँगसँगै त्यो करिडोरको नै नयाँ ढङ्गले विकास गर्नुपर्छ। यो क्षेत्र काठमाडौँबाट अलि नजिक र चीनसँग जोडिएको ऐतिहासिक र महत्वपूर्ण मार्ग पनि हो। त्यसैले यो विपत्तिले जुन क्षति गरेको छ, यसबाट पाठ सिकेर आगामी दिनमा त्रिशूली करिडोरलाई एउटा नमुना विकासका क्षेत्रका रुपमा अगाडि बढाउन सक्नुपर्छ। अब फेरि त्यहीँ ठाउँमा बस्ती बसाउने त ? भन्ने प्रश्न उठ्न सक्छ। सामान्य रुपमा बाढी आउँदा १०/१५ मिटर अधिकतम् भए २० मिटर भन्ने परिकल्पना होला तर यसपटकको बाढी कतिपय स्थानमा १०० मिटर माथिसम्म आएको छ। अब यस्तै १०० मिटर नै सबैतिर पुर्याउन त सकिन्न। तैपनि अब यसले पाठ त सिकायो नी। त्यसैले असाध्यै भिराला क्षेत्र तथा नदी किनारमा टाँसिएर बस्ती बसाल्न हुँदैन। हिजो हामीले बुद्धि नपुर्याएकै हो। भू–उपयोग योजनाअनुसार बस्ती क्षेत्र, कृषि क्षेत्र, विकासका पूर्वाधार निर्माण गर्ने क्षेत्र भनेर छुट्याएनौँ। विगतको यही कमजोरीका कारण यसपटक ठूलो जनधनको क्षति भोग्नुपर्यो। त्यसैले अब पहिले जियोलोजिकल र टोपोग्राफिकल सर्भे गर्नुपर्छ। त्यसपछि नै अहिलेको विज्ञान प्रविधिको उच्च प्रयोगबाट कुन जमिन के–का निम्ति उपयुक्त छ भन्ने कुरा पत्ता लाग्छ। अब त्यस आधारमा मात्रै नक्साङ्कन गरेर विकास निर्माण गर्नुपर्छ।

एउटै घटनामा यति ठूलो क्षति भएपछि पुनर्निर्माणका लागि स्रोत कहाँबाट जुटाउने भन्ने प्रश्न उठ्न सक्छ। हाम्रो देश जहाँ प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (जिडिपी) नै निधै पछाडि छ। त्यसले गर्दाखेरि भोटेकोशी बाढीले पारेको क्षतिलाई सहजै पूर्ति गर्न त गाह्रो छ। तैपनि हामीले सधैँ अर्कासँग हात फैलाएर मागेर मात्रै पनि हुँदैन। त्यसैले अब हामीले नै हाम्रो जुन आन्तरिक साधन स्रोत छ, त्यसलाई ठीक ढङ्गले विन्यास र प्राथमिकीकरण गर्नुपर्छ। अर्को, यो घटना जलवायु परिवर्तनले ल्याएको महाविपत्ति हो। अन्तरराष्ट्रिय सम्मेलनबाट त्यसको क्षतिपूर्ति पाउने भन्ने व्यवस्था पनि छ। अलिकति प्रक्रिया पु¥याएर क्षतिपूर्तिका विषयलाई अगाडि बढाउन सक्यौँ भने, त्यो स्रोत जुट्न सक्छ। यसका साथै अपुग स्रोत विभिन्न मित्रराष्ट्रबाट सहयोगका रुपमा, न्यून व्याजका रुपमा अलि दीर्घकालीन प्रकृतिको सहयोग लिएर जानु उपयुक्त हुन्छ। तर, मुख्य रुपमा आफ्नै साधनस्रोतमा नै बढी भर परेर जानुपर्छ।

पुनर्निमाणका लागि बाढीसँगै बगेर आएका प्राकृतिक सामग्रीको उपयोग अर्को उपाय हुन सक्छ। मूल रुपमा बाढीले ढुङ्गागिटीसहितको गेग्रान थुपारेको छ। बाढीसँगै आएका कतिपय प्राकृतिक सामग्री प्रयोग त भई नै हाल्छ। प्रभावित क्षेत्रमा पुनर्निर्माण गर्दा तिनै साधनस्रोतको उपयोग गर्ने र आवश्यक श्रमिकका रुपमा बाढीबाट विस्थापित नागरिकलाई परिचालन गर्न सकिन्छ। खासगरी रसुवामा गाउँका गाउँ नै विस्थापित भएका छन्। गाउँमा गएर बस्ने ठाउँ पनि छैन। त्यस्ता ठाउँहरुमा औद्योगिक केन्द्रहरु बनाएर विस्थापितलाई रोजगारी दिन सकिन्छ। यस्तो अवस्था बनाउन सकेको अवस्थामा नागरिकले रोजगारीको खोजीमा विदेश जान पनि पर्दैन। उनीहरुले घरठाउँमै रोजगारी पाउँछन्। यसो हुँदा राज्यले विस्थापित नागरिकलाई सधैँ आश्रय दिएर राख्न पनि पर्दैन। अर्कोतिर यस्ता विकास निर्माणका कामहरुमा तिनै विस्थापित मान्छेहरुलाई नै काममा लगाउन उपयुक्त हुन्छ। जुन बाहिरबाट ठेक्कापट्टा दिन्छौँ नी, अरुलाई ठेक्कापट्टा दिन्छौँ, श्रमिक पनि उसले आफैँले उताबाट ल्याउँछ, त्यसो नगरिकन स्थानीय साधनस्रोत र जनशक्तिलाई नै प्रयोग गर्ने ढङ्गले हामी गयौँ भने यो विपत्तिलाई एउटा अवसरका रुपमा लिन सकिन्छ।

विकासको मोडलबारे पनि पुनर्विचार गर्नुपर्ने अवस्था आइसकेको छ। हामीले जलविद्युत् आयोजनामा जुन खालका सुरुङहरु बनायौँ, यस्तो विपद् आउला भन्ने कसैले पनि सोचेन। अब सुरुङहरु निर्माण गर्दाखेरि पनि त्यहाँको भूगोग, सम्भावित विपद्लाई ख्याल गरेर बनाउनुपर्ने हुन्छ। हामीले एउटै चाहिँ खोलामा यति नजिक नजिक यति धेरै आयोजनाहरु निर्माण गर्दा क्षतिको जोखिम उच्च हुने हुँदा त्यो गल्ति दोहो¥याउनु हुँदैन। अब यस्ता नदीतटीय क्षेत्रमा बस्ती त राख्नै भएन। पहिलेको जस्तो नदी किनारामै सहरीकरण हुन दियौँ भने ठूलो गल्ती हुन्छ। यसबाट सिकेर अगाडि बढ्नुपर्छ। अब माथिल्लो भागमा अलि ठूला समथल टारहरु छन् अथवा जङ्गल भएका ठाउँहरु छन्, सट्टापट्टा गरेर बढी नदी किनारका ठाउँमा वन जङ्गल लगाइदिने र वनजङ्गल भएको ठाउँमा फँडानी गरेर बस्ती बसाल्ने काम गर्न सकिन्छ। त्यसकै लागि समग्रको भू–उपयोग योजना बनाउने भन्न खोजेको हो। त्यो पुरानो भू–उपयोग योजना व्यवस्थित ढङ्गले जुन थिएन, अब नयाँ ढङ्गबाट व्यवस्थित बस्ती विकासमा जोड दिनुपर्छ।

भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा पूर्वाधार पुनर्निर्माण गर्दा तत्कालीन राहतसँगै दीर्घकालीन र दिगो विकासलाई प्राथमिकता दिनुपर्छ। बाढीको जोखिमलाई ध्यानमा राखी सडक, पुल, जलविद्युत् आयोजना, विद्यालय, स्वास्थ्य संस्था तथा बस्तीको पुनर्निर्माण वैज्ञानिक अध्ययन र सुरक्षित स्थानको छनोटका आधारमा गर्न आवश्यक छ। नदीको प्राकृतिक बहाव क्षेत्र अतिक्रमण नगर्ने, तटबन्ध तथा संरक्षण संरचना निर्माण गर्ने र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने विषयमा विशेष ध्यान दिनुपर्छ। त्रिशूली करिडोरमा व्यवस्थित वसोवास निर्माण, कृषि, पूर्वाधार निर्माण गर्न सकिएमा यो देशकै लागि नमुना बन्न सक्छ। देशका ठूला, मझौला र साना नदी खोला किनारामा जसरी बस्ती विस्तार भएको छ, त्यसले यस खालका विपद् हुँदा ठूलो जनधनको क्षति गराउने पक्का छ। यस पटकको घटनाबाट शिक्षा लिएर सुरक्षित बसोबासको प्रबन्ध मिलाउन सयौँ भने अरु ठाउँका निम्ति पनि नमुना बन्न सक्छ। त्यसैले स्थानीय समुदायको सहभागिता, पारदर्शी योजना र सङ्घ, प्रदेश तथा स्थानीय तहबीच समन्वयबाट पुनर्निर्माण अघि बढाउनुपर्ने हुन्छ। साथै, भविष्यमा यस्ता विपद्बाट हुने क्षति घटाउन जलवायु परिवर्तन अनुकूल र जोखिम–सहनशील पूर्वाधार विकास गर्नुपर्छ। रासस

# राष्ट्रसङ्घको ८१औँ महासभाः चुनौती र नेपालको प्रस्तुति

मधुकर अधिकारी/रासस

गत साताभरि नै न्युयोर्कको मौसममा चिसोको अनुभूति रह्यो। सिमसिम पानी, जोडले बहेको हावा अनि चिसो सिरेटो। सेप्टेम्बरको अपेक्षित मौसम यो थिएन। विगतका वर्षमा अहिलेको जस्तो मौसम हुँदैनथ्यो। अनुभवीका अनुसार पहिलेपहिले यस्तो मौसम त नोभेम्बरमा मात्र हुनुन्थ्यो, यति चाँडै हुँदैनथ्यो।

यसकारण पहिले पहिले त्यहाँ महासभामा पुग्ने सहभागीहरु यसपटक भिन्दै अनुभूति गर्दै थिए, उनीहरु कतिपय त न्यायो कपडाको खोजिमा पनि देखिएका थिए।

यसलाई जलवायु परिवर्तनको असरका रुपमा पनि कतिपयले अथ्र्याउँदै थिए। र, भन्दै थिए– अबका वर्षमा न्युयोर्क आउँदा वर्षैपिच्छे फरक अनुभूति हुनसक्छ। सायद, अबका वर्षमा योभन्दा पनि जाडो होला र सम्भवत केही बर्षपछि त यहाँ यही मौसममै हिउँ पनि पर्न सक्छ।

न्युयोर्कको यस वर्षको यो मौसमसँगै मैले दुई वर्षअघिको नेपाल सम्झिएँ। दुई वर्षअघिको असोजको दोस्रो साताको सुरुआतको मौसम। नेपालको मौसमको कुरा गर्दा असोज त धान थन्क्याउने बेला हो। तर मौसम भने साउनको जस्तै छ। दुई वर्षअघि पनि म महासभाकै रिपोर्टिङका सिलसिलामा न्युयोर्क रहँदा नेपालमा असोज ११ र १२ गते अनायासै अविरल वर्षा र ठूलो बाढी, पहिरो आयो। यसले २०० भन्दाबढीकै ज्यान नै गएको थियो।

त्यसो त यस वर्ष पनि हालत यस्तै हो। नेपालमा यही मौसममा यस वर्ष पनि २४ जनाभन्दा बढीको ज्यान गयो भने पश्चिम नेपालको सडक सम्पर्क नै विच्छेद हुन पुगेको छ। दसैँको मुखमा ठाउँठाउँमा सडक भत्किएको छ, नागरिकलाई आवतजावतमा निकै गाह्रो भएको छ। भदौ १० को भोटेकोशी बाढीको त झन कुरै नगरौँ।

बाहिरको मौसमअनुसार नै यही जलावायु परिवर्तनका विषयमा नै धेरैजसो कुराकानी भयो यसपटक पनि महासभामा। संयुक्त राष्ट्रसङ्घको मुख्यालय वरिपरि विश्वका झण्डै २०० देशका महत्वपूर्ण व्यक्तिहरु, सरकार प्रमुखदेखि राष्ट्रप्रमुख, विदेश मन्त्री, कूटनीतिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरुदेखि जलवायु न्यायका लागि वकालत गरिरहेका अभियन्तासम्मले जलवायु परिवर्तन, यसको असर र प्रभावसँगै न्यायका क्षेत्रमा राम्रैसँग बहस गरे।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प, बेलायतका प्रधानमन्त्री एण्डी ब्रनहयामदेखि इजरायलका प्रधानमन्त्री बेन्जामिन न्यातन्यायो, युक्रेनका राष्ट्रपति भ्लादिमीर जेलेनेस्की, जापानकी प्रधानमन्त्री सानेई ताकाची लगायतकाले सम्बोधनमार्फत विश्वको ध्यान तानेका थिए।

राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले यसपटक आफ्नो सम्बोधनमा जलवायु परिवर्तन, युद्ध, गरिबी र आर्टिफिसियल इन्टेलिजेन्सलाई फोकस गर्नुभएको थियो। आफ्नो जीवनको १० वर्षसम्म निरन्तर राष्ट्रसङ्घको नेतृत्व सम्हाल्नुभएका गुटेरेसको सम्बोधन, पत्रकार सम्मेलन र द्विपक्षीय भेटमा भने उहाँका कतिपय असन्तुष्टि देखिएका थिए।

किनकी विश्वव्यापी रुपमा युद्धका कारण आपूर्ति व्यवस्था कठिनाइ भइरहेको छ, जसका कारण मूल्यवृद्धि, कुपोषणजस्ता समस्या बढेका छन्। विश्वमा गरिबीको चक्रव्युहमा फस्ने नागरिकको संख्यामा भारी मात्रामा वृद्धि हुँदै गएको छ।

अर्कातर्फ उहाँले जलवायु परिवर्तनले विश्वमा पार्न थालेको समस्या र नागरिकका भोगाइमा आफ्नो ध्यान केन्द्रित गरेको पनि बताउने गर्नुभएको छ। जस्तो कि यसको असरका बारेमा तीन वर्ष अगाडिको नेपाल भ्रमणको स्मरण गर्दै उहाँले भन्नुभयो, 'मैले तीन वर्ष अगाडि नै सर्वोच्च शिखर सगरमाथा रहेको स्थान नेपालमा उभिएर भनेको थिएँ कि संसारको छानो खसिरहेको छ। तर मानिसले त्यसलाई अतिरञ्जित भनेर भने। मैले विश्वलाई त्यति नै बेला जलवायु परिवर्तको असरको अध्ययनमा केन्द्रित हुनुपर्ने बताएको थिएँ, तर विश्व आज नै यो गर्न अझै तयार देखिएको छैन।'

महासचिव गुटेरेसले त्यसको उदाहरण पछिल्लो पटक जलवायु परिवर्तनका कारण नेपालले जनधनको क्षति व्यहोरेको संसारले देखेको पनि स्पष्ट गर्नुभएको थियो।

उहाँको उक्त भनाइ गत भदौ १० गते आएको बाढी र त्यसले पु¥याएको अकल्पनीय मानवीय, भौतिक र पूर्वाधार क्षतिको विषयप्रति लक्षित थियो। उहाँको यो भनाइ किन पनि महत्वपूर्ण थियो भने उहाँलाई जलवायु परिवर्तनको असर कति भयावह हुन्छ भन्ने कुरा वैज्ञानिक अध्ययन, उपलब्ध प्रमाण र तथ्याङ्कहरुले स्पष्ट पारिसकेका थिए।

खासगरी विश्वव्यापी रूपमा युद्ध, आणविक हतियारको सन्त्रास, गरिबीको चरम अवस्था, जलवायु सङ्कटमा विश्व फस्दै गएको, सूचना प्रविधिको दुरत गतिको विस्तार, आणविक निशस्त्रीकरण, दिगो विकासका लक्ष्यलगायतका विषयमा विश्वभरिका सरकार प्रमुखहरुले आफ्नो आफनो तरिकाले व्याख्या गरेका थिए। छिमेकी देश बङ्गलादेश अरु विषयभन्दा रोहिङ्गा शरणार्थीको कुरामा केन्द्रित रहेको थियो भने अफ्रिकी देशहरुले सुरक्षा परिषद्मा सहभागितालाई जोडतोडले उठाए।

उता उच्चस्तरीय राजनीतिक बहसको पहिलो दिन सम्बोधन गर्न पुग्नुभएका अमेरिकी राष्ट्रपति विश्वमा अमेरिकाको शक्तिका विषयमा मात्र बोल्नुभएन, पछिल्ला दिनमा इरान–अमेरिका युद्धका विषयमा पनि कडा रोष प्रकट गर्नुभयो। उहाँको सम्बोधन बढी द्वन्द्वका विषयमा थियो। उहाँको भाषणमा न त महासचिव गुटेरेसले चिन्ता गरे झैँ जलवायु परिवर्तनको विषय उठयो, न त विश्वले निकट भविष्यमा भोग्ने सामुद्रिक सतहको वृद्धिले पार्नसक्ने असरका बारेमा नै उठयो।

नेपालको सहभागिता र सक्रियता

यसपटकको महासभामा प्रधानमन्त्री वालेन्द्र शाहले जलवायु परिवर्तनको मुद्दालाई उच्च प्राथमिकताका साथ उठाउनुभयो र नेपालले भोगेका जलवायुजन्य विपतको अवस्थालाई पनि विश्वमञ्चमा स्पष्टसँग राख्नुभयो। यसबाट विश्व मञ्चमा नेपालले अनावश्यक रुपमा भोगेको जलवायु परिवर्तनको असरको अवस्था मात्र झल्किएन, हाम्रा समस्या र बाध्यता पनि पुनःएकपटक बाहिर आए। नेपालको जलवायु न्यायको अपिल पुनःविश्वसामु पुग्यो। जसले हाम्रा बारेमा विश्व समुदायलाई सोच्न बाध्य पनि बनायो र घच्घच्यायो।

प्रधानमन्त्री शाहले जलवायु परिवर्तनको महत्वपूर्ण अंश मानिने हरित ग्यास उत्सर्जनमा नेपालको ० दशमलव १ प्रतिशतको योगदान रहेको तर त्यसको असर गम्भीर रुपमा भोग्नुपरेको औँल्याउनुभयो। उहाँले जलवायु न्यायअन्तर्गत जलवायु वित्तको परिचालन, हानिनोक्सानीको क्षतिपूर्ति अनुदानका रुपमा हुनुपर्ने ऋणका रुपमा नेपालले भारवहन गर्न नसक्ने पनि स्पष्ट पार्नुभयो।

यसपटकको नेपालको प्रस्तुतिले विश्वका विकसित देशले प्रतिबद्धताअनुसार काम नगरेको कुरालाई थप उजागर पनि गरेको छ। अर्को महत्वपूर्ण पाटो त महासचिव गुटेरेसले भने झैँ आफ्नो प्रतिबद्धताअनुसार हरेक सदस्य राष्ट्रले काम गर्नुपर्ने अवस्था पनि दर्शाएको छ।

प्रधानमन्त्री शाहले विश्वको सबैभन्दा बढी जनसंख्या बसोबास गर्ने दक्षिण एशियाली देशहरुको साझा संयन्त्रमार्फत जलवायु सङ्कटको सामना गर्नुपर्ने पनि बताउनुभयो। यसले विश्वभरिका देशले अत्यावश्यक र आपतकालीन निर्णय गर्नका लागि थप दबाब दिनेछ भन्ने अपेक्षा गर्न सकिन्छ।

नेपालले आफ्नो परम्परागत रुपमाजस्तै यसपटक पनि द्विपक्षीय भेट बहुपक्षीय सहभागिता र साइडलाइन भेटघाटलाई महत्व दियो। पररष्ट्रमन्त्री शिशिर खनाल, परराष्ट्र सचिव अमृतबहादुर राई, न्युयोर्कस्थित राष्ट्रसङ्घीय मिसन प्रमुख लोकबहादुर थापालगायतका अधिकारीहरु सक्रिय र व्यस्त रहनुभएको थियो।

नेपालका विषयमा ध्यान दिएर सुन्ने जलवायु असरको प्रत्यक्ष भोगिएको देश भएकाले विश्वभरिबाट न्युयोर्कमा जम्मा भएकाहरुले चासो दिएको देखिन्थ्यो।

अपेक्षा र भविष्य

अहिले विश्वमा धनी देश जलवायु परिवर्तनभन्दा कृत्रिम बौद्धिकतामा कसरी बाजी र छलाङ मार्ने भन्नेमा केन्द्रित रहेका छन्। उनीहरुमा प्रविधिलाई मानवीय बसमा राख्न सफल हुने कि नहुने भन्ने चिन्ता बढी देखिन्छ। त्यसैले त न्युयोर्कमा विश्वभरिका देशका नेताहरु वहस गरिरहँदा विश्व महाशक्ति अमेरिका र उदाउँदो शक्तिका रुपमा अघि बढिरहेको चीनका राष्ट्रपतिहरु वाशिङ्गटन डिसीमा आफ्नो एजेण्डामा छलफल गर्न व्यस्त थिए।

साथै विश्वका देशहरुले यो पनि मनन् गरेका छन् कि अबका दिनमा विश्वमा आइपर्ने चुनौतीको सामना गर्न एक वा दुई देशबाट मात्र सम्भव छैन। अबको विश्वमा बहुपक्षीय र बहुधुरवीय प्रणालीमार्फत समस्यालाई साझा रुपमा समाधानको मार्ग खोज्नुपर्नेबेला आएको छ। त्यसैले पृथ्वी एक साझा घर जसमा आठ अरब मानिसको बसोबास रहेको छ। उनीहरुको लागि न्यूनतम आवश्यकताका वस्तु र सेवाको सहज पहुँच अहिलेको मुख्य चुनौती हो। अर्कातर्फ भोलिका दिनमा कृत्रिम बौद्धिकताले गर्दा जटिल प्रकृतिका रोग, बेरोजगारीको चरम अवस्था या भोकमरीको सामना गर्नुपर्ने अवस्था आयो भने त्यो बेला सङ्घले कसरी आफ्ना सदस्य देशलाई विश्वासमा लिएर काम गर्न सक्छ ? त्यसका लागि विद्यममानका तमाम समस्या अहिले नै योजनाअनुसार काम गर्न राष्ट्रसङ्घले पहल गर्नुपर्छ र विश्वभरिका देशले होस्टेमा हैँसे गर्नुपर्नेछ।

मानिस स्वभावैले आफ्नो आँखा अगाडिको सङ्कटलाई मात्र सङ्कट मान्ने मनोविज्ञानले ग्रसित छ। यदि जलवायु परिवर्तनको असरले चार साता अगाडि नेपालमा बाढी, पहिरो गएजस्तै आगामी दुई तीनदशकभित्रै समुन्द्रको सतहमाथि आएर न्युयोर्कको तल्लो तट डुबानमा परयो, या त महासभाको भवन वरिपरि भारी हिमपातको अवस्था सृजना भएर महासभा नै स्थगित गर्नुपर्ने अवस्था आयो भने मात्र उनीहरुको चेत खुल्ने छ।

त्यसैले आगामी महासभामा हरित ग्यास उत्सर्जन कम गर्ने देश एकताबद्ध भएर महासभामा व्यापक दबाब सिर्जना गर्नसके भने नेपाललगायत विश्वभरिका भू–परिवेष्ठित, अल्पविकसित र अविकसित देशहरुले जलवायु न्याय प्राप्त गर्न सक्नेछन्। नेपालजस्तै प्रकृति र अन्यायमा परेका देशको नेतृत्व नेपालले नै गर्न सक्यो भने यो सुनमा सुगन्ध हुने निश्चित छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# चार महिनामा धनुषा प्रहरीले ५९९ मुद्दा दर्ता गर्दा ६३८ फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जिल्ला प्रहरी कार्यालय धनुषाले चालु आर्थिक वर्ष २०८३/८४ को करिब चार महिनाको अवधिमा प्रहरीले गरेका विभिन्न गतिविधि तथा अनुसन्धानको प्रगति विवरण सार्वजनिक गरेको छ।



शुक्रबार पत्रकार सम्मेलन गरी जिल्ला प्रहरी कार्यालय धनुषाले २०८३ जेठ २३ गतेदेखि असोज १५ गतेसम्मको कार्यप्रगति विवरण सार्वजनिक गरेको हो । अपराध अनुसन्धान, फरार प्रतिवादी पक्राउ, लागूऔषध नियन्त्रण, घरेलु तथा सामाजिक हिंसा नियन्त्रण, अवैध कारोबार नियन्त्रण, ट्राफिक व्यवस्थापन तथा समुदाय प्रहरी साझेदारीलगायतका क्षेत्रमा भएका गतिविधिबारे प्रहरीले जानकारी गराएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रुपेश खड्काका अनुसार उक्त अवधिमा धनुषामा ५ सय ९९ वटा मुद्दा दर्ता भएका छन्। दर्ता भएका मुद्दामध्ये चालु तथा पेन्डिङसहित ५ सय ९० वटा मुद्दा फछ्र्यौट गरिएको छ।

फछ्र्यौट भएका मुद्दामध्ये चालु मुद्दा मात्रै २ सय २३ वटा रहेको एसपी खड्काले बताए। हाल ६६ वटा चालु मुद्दा अनुसन्धानका क्रममा छन् भने विगतदेखि हालसम्म जिल्लामा कुल १ हजार २ सय ७० वटा मुद्दा पेन्डिङ रहेको प्रहरीले जनाएको छ।

**६३८ फरार प्रतिवादी पक्राउ**

फैसला कार्यान्वयनतर्फ प्रहरीले विभिन्न मुद्दामा अदालतबाट फैसला भई फरार रहेका ६ सय ३८ जना प्रतिवादीलाई पक्राउ गरेको जनाएको छ।

पक्राउ परेका प्रतिवादीबाट अदालतले तोकेको २ सय ३० वर्ष ९ महिना २६ दिन कैद तथा २ करोड १४ लाख ९१ हजार ५ सय ४२ रुपैयाँ जरिवाना कार्यान्वयनका लागि असुलउपर गरिएको एसपी खड्काले बताए।

सीमा क्षेत्रमा हुने चोरी निकासी तथा अवैध कारोबार नियन्त्रणका क्रममा ८६ लाख ९६ हजार ८ सय ६६ रुपैयाँ बराबरका सवारीसाधन, लत्ताकपडा तथा किराना सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद सामान आवश्यक कारबाहीका लागि भन्सार कार्यालय जनकपुर पठाइएको छ । सो क्रममा ११ वटा मोटरसाइकलसमेत बरामद गरिएको छ।

**लागूऔषधमा ३९ पक्राउ**

लागूऔषध नियन्त्रण अभियानअन्तर्गत प्रहरीले विभिन्न स्थानबाट ३९ जनालाई पक्राउ गरेको जनाएको छ । उनीहरूको साथबाट ४ सय ७५ दशमलव ५१६ किलो गाँजा, ४ सय २३ दशमलव १ ग्राम ब्राउन सुगर, ८ सय १० थान नाइट्रोभेट ट्याब्लेट तथा डाइजिपामलगायतका २ हजार ४ सय ८७ थान इन्जेक्सन एम्पुल बरामद गरिएको प्रहरीले जनाएको छ।

लागूऔषध सेवनकर्ताका रूपमा पहिचान भएका ३९ जनालाई सुधारात्मक कारबाही गरिएको पनि प्रहरीले जनाएको छ।

**घरेलु हिंसाका ३७७ उजुरी**

प्रहरीका अनुसार उक्त अवधिमा घरेलु हिंसासम्बन्धी ३ सय ७७ वटा उजुरी परेका थिए। तीमध्ये ३ सय ४९ वटा उजुरीमा मिलापत्र गरिएको छ भने २८ वटा अनुसन्धान प्रक्रियामा छन्।

त्यस्तै, सामाजिक हिंसासम्बन्धी ३ सय २० वटा उजुरी परेकोमा २ सय ९६ वटा मिलापत्र गरिएको र २४ वटा उजुरी अनुसन्धानका क्रममा रहेको प्रहरीले जनाएको छ।

मानिस खोजतलासतर्फ विभिन्न समयमा हराएका २ सय १ जनाको विवरण प्रहरीले प्राप्त गरेको छ । हराउनेमा ८७ महिला, २० बालक र ८९ बालिका रहेका छन्। तीमध्ये १ सय ३३ जना फेला परिसकेका छन् भने ६८ जनाको खोजतलास जारी रहेको छ।

**८ हजार ९५० जनालाई जनचेतना**

समुदाय प्रहरी साझेदारीअन्तर्गत प्रहरीले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाएको छ।

लागूऔषध, दाइजो प्रथा, लैङ्गिक हिंसा, सामाजिक सञ्जालको दुरुपयोग, ज्येष्ठ नागरिक तथा महिला बालबालिकाविरुद्ध हुने अपराध, आगलागी, जातीय छुवाछुत तथा भेदभाव, अल्पसंख्यक समुदायसँग प्रहरीको सम्बन्ध तथा बोक्सी प्रथाविरुद्ध २ सय ७७ वटा कार्यक्रम सञ्चालन गरिएको प्रहरीले जनाएको छ।

ती कार्यक्रमबाट ८ हजार ९ सय ५० जना लाभान्वित भएको प्रहरीको भनाइ छ।

जिल्ला प्रहरी कार्यालयमा प्राप्त विभिन्न उजुरी तथा निवेदनतर्फ ८ सय ८३ वटा उजुरी दर्ता भएका छन् । तीमध्ये ६ सय ९२ वटा फछ्र्यौट गरिएको र १ सय ९१ वटा अनुसन्धान प्रक्रियामा रहेको एसपी खड्काले जानकारी दिए।

यसैगरी, नदीजन्य पदार्थको अवैध उत्खनन तथा ओसारपसार नियन्त्रणका क्रममा ४२ वटा सवारीसाधन नियन्त्रणमा लिई २ लाख ५२ हजार रुपैयाँ जरिवाना गरिएको छ । प्रहरीले ९ सय ३५ लिटर अवैध घरेलु मदिरा बरामद गरी नष्ट गरेको जनाएको छ।

**ट्राफिक नियम उल्लङ्घन गर्ने २,२२६ सवारी कारबाहीमा**

सवारी दुर्घटना न्यूनीकरणका लागि धनुषा प्रहरीले विभिन्न स्थानमा १ हजार ५ सय ४५ वटा ट्राफिक नियमसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको जनाएको छ । ती कार्यक्रमबाट ८० हजार ७ सय ६० जना लाभान्वित भएका छन्।

ट्राफिक नियम उल्लङ्घन गर्ने २ हजार २ सय २६ वटा सवारीसाधनलाई कारबाही गरी २३ लाख ७८ हजार ५ सय १ रुपैयाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ।

**१५ महिनाका बालक अपहरण प्रकरणमा अनुसन्धान**

पत्रकार सम्मेलनमा प्रहरीले पछिल्लो अवधिमा भएका केही महत्वपूर्ण अनुसन्धानबारे समेत जानकारी गराएको छ।

विदेह नगरपालिका–६, तीनकोरियाका कमलेश महतोका १५ महिनाका छोरा सिद्धान्त महतो २०८३ भदौ १८ गते आफ्नै घरको आँगनमा खेलिरहेका बेला हराएका थिए।

अनुसन्धानका क्रममा बालकलाई कमला नगरपालिका–९, हथलेट्वाकी करिब ४१ वर्षीया पुनिता देवी पासवानले अपहरण गरेको खुलेपछि प्रहरीले जिल्लाका विभिन्न नाकामा २४ घण्टा प्रहरी परिचालन गर्नुका साथै प्राविधिक अनुसन्धानलाई तीव्र बनाएको जनाएको छ।

प्रहरीका अनुसार भदौ २९ गते दिउँसो करिब ३:३५ बजे बालकको उद्धार गरिएको थियो । भारततर्फ भाग्दै गरेको अवस्थामा विदेह नगरपालिका–१, महिनाथपुरस्थित दशगजा क्षेत्रबाट शंकित महिलालाई समेत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

घटनामा अपहरण, शरीर बन्धक तथा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**हुण्डी कारोबारमा साढे १ अर्बभन्दा बढीको शंकास्पद कारोबार**

धनुषा प्रहरीले हुण्डी कारोबारसम्बन्धी अनुसन्धानमा समेत ठूलो रकमको शंकास्पद कारोबार फेला परेको जनाएको छ। शहीदनगर नगरपालिका–४, ननुपट्टीका २४ वर्षीय अजयकुमार मुखियाले आफ्नै प्रोप्राइटर रहेको श्री न्यू अजय ट्रेडर्सको नाममा विभिन्न बैंकमा खोलिएका १३ वटा खातामार्फत १ अर्ब २२ करोड १५ लाख ६४ हजार ८ सय ५१ रुपैयाँ बराबरको रकम १७ हजार ४ सय ३८ पटक रकमान्तर गरी हुण्डी कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

मुखियालाई २०८३ भदौ ३० गते केन्द्रीय अनुसन्धान ब्युरो र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको संयुक्त टोलीले पक्राउ गरेको थियो।

प्रहरीका अनुसार अनुसन्धानका क्रममा हालसम्म १ अर्ब ४६ करोड २२ लाख १४ हजार ८ सय ४७ रुपैयाँ बराबरको शंकास्पद कारोबार भएको खुलेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**चाडपर्व लक्षित सुरक्षा व्यवस्था कडा**

आगामी दशैँ, तिहार र छठलगायतका चाडपर्वलाई लक्षित गरी धनुषामा सुरक्षा व्यवस्था थप सुदृढ बनाइएको एसपी खड्काले जानकारी दिए।

उनका अनुसार चाडपर्वका क्रममा ७० वटा पिकेट, ४६ वटा पैदल गस्ती, ७ वटा बजार अनुगमन, ७ वटा विशेष अपरेसन, १५ वटा विपद् प्रतिकार्य टोली, १३ वटा गाडी मोबाइल टोली तथा लालगढमा एकवटा चेक प्वाइन्ट परिचालन गरिनेछ।

लामो दूरीका सवारीसाधनमा चेकजाँच, दैनिक नियमित चेकिङ तथा बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल र मोटरसाइकल चोरी नियन्त्रणका लागि विशेष सुरक्षा कार्ययोजना लागू गरिएको प्रहरीले जनाएको छ।

लागूऔषध नियन्त्रणका लागि छुट्टै कार्ययोजना बनाएर परिचालन बढाइएको तथा सीमा क्षेत्र र संवेदनशील स्थानमा विशेष निगरानी बढाइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार विभिन्न अभियान तथा चाडपर्व लक्षित सुरक्षा व्यवस्थापनमा १ हजार २ सय ११ जना प्रहरी जनशक्ति परिचालन गरिएको छ।

पत्रकार सम्मेलनमा प्रहरीले अपराध नियन्त्रणसँगै अनुसन्धानलाई प्रभावकारी बनाउने, फरार प्रतिवादी पक्राउ गर्ने, लागूऔषध तथा अवैध कारोबार नियन्त्रण गर्ने र नागरिकसँग प्रहरीको सहकार्यलाई थप विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखिएको जनाएको छ।

# गाँजासहित मकवानपुरका डिमडुङ पक्राउ

**मधेशदृष्टि**
**बारा।**
जीतपुरसिमरा उपमहानगरपालिका–८ इमलीप्रतिबाट १ सय ५५ किलो गाँजासहित कार चालक पक्राउ परेका छन्। शुक्रबार बिहान करिब ९ बजे विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरी टोलीले मनहरीबाट वीरगंज जाँदै गरेको बा.१३ च ४७३४ नम्बरको कारलाई नियन्त्रणमा लिएको हो।

कारलाई नियन्त्रणमा लिएर जाँच गर्ने क्रममा रातो प्लास्टिकले बेरी लुकाइछिपाई राखिएको अवस्थामा १५५ किलो लागुऔषध गाँजा बरामद भएको नेपाल प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार गाँजासहित मकवानपुरको राक्सिराङ गाउँपालिका–१ निवासी २८ वर्षीय अम्बिर डिम्डुङलाई पक्राउ गरिएको छ । प्रहरीका अनुसार नियन्त्रणमा लिइएको कार, बरामद गाँजा र पक्राउ परेका चालकलाई इलाका प्रहरी कार्यालय सिमरा, बारामा राखिएको छ।

# लालबाबु साहलाई १० लाख

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारको करदाता प्रोत्साहन उपहार कार्यक्रमअन्तर्गत पर्साका लालबाबु साह कानुले १० लाख रुपैयाँको बम्पर पुरस्कार जितेका छन्।

असोज १ देखि १५ गतेसम्मको अवधिमा २१ हजार रुपैयाँ बराबरको ल्युब आयल खरिद गर्दा प्राप्त गरेको बिल गोलाप्रथाबाट बम्पर पुरस्कारका लागि छनोट भएको हो । अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा असोज १ देखि १५ गतेसम्मका विजेताको नाम सार्वजनिक गरिएको हो । आन्तरिक राजस्व विभागका महानिर्देशक डा. भीष्मकुमार भुषालले कानुलाई फोनमार्फत बधाई दिँदै पुरस्कार दाबी गर्न नजिकको आन्तरिक राजस्व कार्यालयमा सम्पर्क गर्न आग्रह गरेका छन्।

# देउवा समूहको कांग्रेस पर्सामा विभिन्न जिम्मेवारी

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कांग्रेस(संस्थापन इतर)को १५औँ महाधिवेशनको तयारीलाई लक्षित गर्दै पर्सामा विभिन्न तहको संगठनात्मक जिम्मेवारी बाँडफाँट गरिएको छ । नेपाली कांग्रेस १५औँ जिल्ला अधिवेशन तयारी समितिका संयोजक विजय कर्णले वीरगंज महानगरपालिकाको संयोजक, सह–संयोजक तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्रको क्षेत्रीय संयोजक मनोनयन गरेका हुन् । मनोनयनअनुसार वीरगंज महानगरपालिकाको संयोजकमा मनोजकुमार साह र सह–संयोजकमा आदित्य उपाध्यायलाई जिम्मेवारी दिइएको छ । त्यस्तै, प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ को क्षेत्रीय संयोजकमा हरिन्द्रप्रसाद यादवलाई मनोनयन गरिएको छ । कांग्रेसले १५औँ महाधिवेशन सम्पन्न गर्ने तयारीसँगै संगठनात्मक गतिविधिलाई व्यवस्थित बनाउन जिम्मेवारी बाँडफाँट गरिएको जनाएको छ।

मनोनयन पत्रमा पार्टीको नीति, सिद्धान्त, आदर्श र निर्णयलाई आत्मसात् गर्दै स्थानीय तथा क्षेत्रीय तहमा आवश्यक समन्वय, सहकार्य र एकता कायम गरी महाधिवेशनलाई सफल, मर्यादित र लोकतान्त्रिक रूपमा सम्पन्न गर्न नवनियुक्त संयोजकहरूको भूमिका महत्वपूर्ण हुने उल्लेख छ। वीरगंज महानगर संयोजक मनोजकुमार साहलाई महानगरभित्र पार्टीका स्थानीय तहका नेता–कार्यकर्ताबीच समन्वय तथा संगठनात्मक गतिविधिलाई प्रभावकारी बनाउन जिम्मेवारी दिइएको छ। सह–संयोजक उपाध्यायले संयोजकलाई सहयोग गर्दै संगठनात्मक काममा सहकार्य गर्नेछन्।

# भंगहामा प्रथम नगरस्तरीय शैक्षिक मेला सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको भंगहा नगरपालिकामा प्रथम नगरस्तरीय शैक्षिक मेला सम्पन्न भएको छ। विद्यार्थीहरूको प्रतिभा तथा सिर्जनशीलता उजागर गर्ने उद्देश्यले भंगहा नगरपालिका र गुड नेवर्स इन्टरनेशनल नेपालको सहयोग तथा दलित समाज उत्थान समिति नेपालको आयोजनामा शैक्षिक मेला आयोजना गरिएको हो।

मेलामा भंगहा नगरपालिकाका १४ विद्यालयका विद्यार्थीहरूले विभिन्न रैथाने वस्तुको प्रदर्शनी गर्नुका साथै कला, संस्कृति तथा प्राविधिक सीप प्रस्तुत गरेका थिए । विद्यार्थीहरूले स्थानीय स्तरमा उपलब्ध वस्तु तथा सामग्रीको प्रयोगबाट तयार पारिएका सामग्री प्रदर्शनीमा राखेका थिए।

मेलामा विद्यार्थीहरूले आफ्नो सिर्जनशीलता र सीप प्रस्तुत गर्नुका साथै विभिन्न सांस्कृतिक गतिविधिसमेत प्रदर्शन गरेका थिए । नगरपालिकाका १४ विद्यालयबाट ५ हजारभन्दा बढी विद्यार्थी सहभागी भएको आयोजकले जनाएको छ।

भंगहा नगरपालिकाका नगरप्रमुख संजीवकुमार साहले शैक्षिक मेलाले विद्यार्थीहरूको सीप र प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गरेको बताए। उनले यस्ता गतिविधिबाट विद्यार्थीहरूमा सकारात्मक प्रतिस्पर्धाको भावना विकास हुनुका साथै उनीहरूको क्षमता पहिचान र विकासमा समेत सहयोग पुग्ने बताए।

शैक्षिक सिकाइलाई कक्षाकोठाभित्र मात्रै सीमित राख्न नहुने बताउँदै नगरप्रमुख साहले विद्यार्थीहरूले आफूले सिकेका विषयलाई व्यवहारमा प्रयोग गर्ने अवसर पाउनुपर्नेमा जोड दिए । विद्यार्थीको रुचि, क्षमता र सिर्जनशीलता विकासका लागि विद्यालयमा नियमित पढाइसँगै अतिरिक्त गतिविधिलाई समेत प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो।

भंगहा नगरपालिकाका शिक्षा शाखा प्रमुख नरबहादुर पाख्रिनले विद्यार्थीको सिकाइ कक्षाकोठाभित्र मात्रै सीमित नहुने बताए।

विद्यार्थीले कक्षाकोठाबाहिर पनि आफूले सिकेका कुरा प्रस्तुत गर्ने तथा आफ्नो क्षमता देखाउने अवसर पाउनुपर्ने आवश्यकतालाई ध्यानमा राखेर शैक्षिक मेला आयोजना गरिएको उनले बताए।

उनका अनुसार यस्ता गतिविधिले विद्यार्थीमा उत्साह बढाउनुका साथै सिकाइप्रति रुचि विकास गर्न सहयोग गर्छ । विद्यार्थीले आफूले जानेका र सिकेका विषयलाई व्यवहारमा प्रस्तुत गर्दा उनीहरूको सिकाइ थप प्रभावकारी हुने उनको भनाइ छ।

शैक्षिक मेलामा विद्यार्थीहरूले रैथाने वस्तुको प्रदर्शनीसँगै स्थानीय कला तथा संस्कृतिको प्रस्तुति गरेका थिए । त्यस्तै, विभिन्न प्राविधिक सामग्री तथा विद्यार्थीहरूले तयार पारेका सिर्जनात्मक सामग्रीसमेत प्रदर्शन गरिएको थियो।

मेलामा भंगहा नगरपालिकाका उपप्रमुख, शिक्षा क्षेत्रमा योगदान पु¥याउँदै आएका व्यक्तित्व, नगरपालिकाका कर्मचारी तथा विभिन्न विद्यालयका शिक्षकहरूको सहभागिता रहेको थियो।

आयोजकका अनुसार नगरस्तरीय शैक्षिक मेलामार्फत विद्यार्थीलाई आफ्नो प्रतिभा, सीप र सिर्जनशीलता प्रस्तुत गर्ने अवसर प्रदान गर्नुका साथै विद्यालयबीच सिकाइ तथा अनुभव आदानप्रदानको वातावरण निर्माण गर्ने प्रयास गरिएको हो।

# एसपीको चासोपछि घुमुवा...

मनवा बजार, पञ्चगावा बजार, निचुटा, देउरिया तथा मनिहरवाजस्ता क्षेत्रमा लागुऔषध, अवैध मदिरा, भन्सार छलीका सामान र नदीजन्य पदार्थको अवैध उत्खनन एवम् तस्करी हुने गरेको स्थानीयको भनाइ छ।

अवैध गतिविधि नियन्त्रण गर्न खटाइने स्थानीय प्रहरी अधिकारी र सादा पोसाकका प्रहरीहरू नै असुली धन्दामा संलग्न देखिएपछि प्रहरीको सूचना संयन्त्र, कमान्ड कन्ट्रोल र आन्तरिक निगरानी प्रणालीमाथि गम्भीर औँला उठेको छ।

**१७ किलो गाँजा बरामद प्रकरणमा पनि विवादको छाया**

पटेर्वा सुगौली क्षेत्रमा प्रहरीले गरेका अन्य कारबाही पनि विवादरहित हुन सकेका छैनन् । भदौ २५ गते राति सुरज यादवको घरमा प्रहरीले छापा मारेको तर केही नभेटिएपछि भथौडा टोलबाट ६९ वर्षीय दुःखी महतो नुनियालाई गोठबाट गाँजा बरामद गरिएको भन्दै पक्राउ गरिएको थियो। यस घटनामा प्रहरीले सार्वजनिक गरेको गाँजाको परिमाण (१८ किलोदेखि १८ किलो ७०० ग्रामसम्म) मिडियापिच्छे फरक–फरक आएको थियो । उता, क्यान्सरको उपचार गराइरहेका वृद्ध नुनियाका आफन्त र स्थानीयले भने प्रहरीले निर्दोष व्यक्तिलाई जबर्जस्ती फसाएको र गाँजा कसको हो भन्नेबारे उनलाई थाहै नभएको दाबी गर्दै आएका छन्।

पुराना कारोबारेहरू, कुनै बेला प्रहरीमा पक्राउ गरेका व्यक्तिहरू र हाल सक्रिय रहेकाहरूलाई समेत हत्कडी लाग्ने दिन आउँदैछ भन्दै रकम अशुली गरेर जनप्रतिनिधिहरूलाई समेत लिएर प्रहरी निरीक्षक अधिकारी होटल र क्यासिनोमा समेत पुग्ने गरेको समाचार स्रोतको दाबी छ। केही दिन पहिले प्रहरी अधिकारी र जनप्रतिनिधिसहित क्यासिनोबाट पक्राउ परेपछि पनि क्यासिनो छिर्न अधिकारी डराएका छन्।

सार्वजनिक प्रश्न र पर्सा प्रहरीको दायित्व

पटकपटक सादा पोसाकका प्रहरीमाथि रकम असुलीको आरोप लाग्नु र उनीहरूलाई जिल्ला तानिनुले पटेर्वा सुगौलीको प्रहरी नेतृत्वमाथि नैतिक प्रश्न खडा गरेको छ।

१ लाख रुपैयाँ असुली प्रकरणमा जिल्ला तानिएका पप्पु पण्डितमाथि निष्पक्ष विभागीय छानबिन हुन्छ या विगतका घटनाजस्तै सामसुम पारिन्छ भन्नेमा स्थानीय नागरिक र सञ्चारमाध्यमको चासो बढेको छ । यस विषयमा पर्सा प्रहरी प्रमुखको आधिकारिक र पारदर्शी कदम नै निर्णायक हुने देखिन्छ।

# शव नभेटिएपछि ३६औँ दिनमा...

हो । शुक्रबार दाहसंस्कार गरिएकाले त्यसै दिनदेखि गणना गरी १३औँ दिनमा काजकिरिया गरिने परिवारले जनाएको छ।

**रोजगारीका लागि रसुवा पुगेका थिए सुबोध**

सुबोध शर्मा रोजगारीका सिलसिलामा तीन महिनाअघि मात्रै रसुवा पुगेका थिए । उनी रसुवाको टिमुरेस्थित रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडअन्तर्गत सञ्चालित सेर्पा हाइड्रो कन्स्ट्रक्सन प्रालिमा टायल–मार्बलको काम गर्दै आएका थिए। तर, गत भदौ १० गते रसुवा जिल्लामा आएको विनाशकारी बाढीपछि उनी एकाएक सम्पर्कविहीन भए । त्यसयता परिवारले उनको खोजी जारी राख्यो।

शव भेटिएला र अन्तिमपटक छोराको मुख हेर्न पाइएला भन्ने आशामा परिवार एक महिनाभन्दा बढी समयसम्म पर्खिरह्यो । तर, शवको पहिचानसम्बन्धी प्रक्रिया, डीएनए परीक्षण र प्रशासनिक प्रक्रियाका कारण परिवारले अझै सुबोधको शव हात पार्न सकेको छैन । अन्ततः शवविहीन अवस्थामै ३६औँ दिनमा कुशको शव बनाएर अन्तिम संस्कार गर्नुपरेको घटनाले बाढीमा आफन्त गुमाएका परिवारले भोगिरहेको पीडा र शव पहिचान तथा हस्तान्तरण प्रक्रियाको जटिलता थप उजागर गरेको छ।

# सन्तानप्रति समर्पित तराई–मधेसमा जितिया...

विधि

यस व्रतको अघिल्लो दिन महिला बिहानै उठेर घर आँगन लिपपोत गरेर चोखो पार्छन् । पिना,तेल,घिरौलाको पात,जियलको पात, बाँसको पात, नयाँ लुगा बोकेर महिला समूहमा पोखरी, नदि वा जलाशय गएर र पिनाले नुहाउँछन् । नयाँ लुगा लगाएर पितृ तथा ‘जिमुतवाहन‘ देवतालाई पिना, तेल चढाउने गर्छन्।

व्रतको पहिलो दिन अष्टमीको तिथिको दिन व्रतालु महिलाले नदी, पोखरी वा तलाउमा स्नान गरी सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ दिएर व्रतको सङ्कल्प लिन्छन् । व्रतालुले दिवङ्गत हजुरआमा सासूआमालगायत तीन पुस्ताभित्रको नाता पर्ने पितृ महिलालाई तर्पण दिने चलन छ । यस व्रतलाई षोडष मातृका श्राद्ध पनि भन्ने गरेको राजविराज नगरपालिका–२ का ७५ वर्षीया शम्भु मिश्रले बताए । व्रतको अघिल्लो दिन बेलुका व्रतालु महिलाले विभिन्न प्रकारका खाना, दही, मिठाइ, माछा, कोदोको रोटी अनिवार्य रूपमा खाने चलन छ । भोलिपल्ट बिहान ३:०० देखि ४:०० बजे व्रतालुले आँगनमा घिरौलाको पातमा पितृ तथा जिमुतवाहनलाई दही, चिउरा,चिनी, केरा, मिठाइ, पान, सुपारी चढाउने गर्छन्।

व्रत लिएको दिन बेलुकी जतिजना छोरा छन्, त्यति वटा नरिवल, फलफूललगायत पूजाका सामग्री राखेर डाली भर्छन् । डालीलाई छोराले मानको पातले छोपिदिन्छ। व्रतको समय सकेपछि घरमा भएको छोरा, नातिले डाली खोल्ने गर्छन् । डालीबाट प्रसाद झिकेर पुनः पितृ र जिमुतवाहनलाई चढाई सबैलाई बाँडेर दिएपछि व्रतालु महिलाले पानी पिउने र अन्य खानेकुरा खाने चलन छ । व्रत लिइसकेपछि व्रतालुको स्वास्थ्यमा जतिसुकै ठूलो समस्या आए पनि व्रत तोड्दैनन् । स्वास्थ्यमा समस्या रहेको बिरामीबाहेक छोरा भएका सबै आमाले छोराको दीर्घायु र सुस्वास्थ्यका लागि अनिवार्य व्रत लिँदै आएका छन्।

सन्तान जन्मिनुअघि व्रत सुरु गरेकी गर्भवती भएपछि पनि व्रत बस्नैपर्ने हुन्छ । यस्तो भएपछि २४ घण्टा होस् वा ३६ घण्टा, व्रत बस्दा कुनै जटिल समस्या आइपर्ला कि भन्ने डर व्रतालुमा रहन्छ। व्रत बसेन भने सन्तानलाई केही भइदेला कि भन्ने डर पनि उत्तिकै रहन्छ। पानी नखाई व्रत बस्न समस्या भएपछि स्लाइन पानी चढाएर पनि व्रत बस्नुपर्ने बाध्यता रहेको छ । यो व्रतमा डाली छोप्ने वा खोल्ने काम छोरा, नाति, श्रीमान्ले गर्ने, उनीहरू नभएका बेला छोरी, नातिनी घरमा भए पनि नातेदार वा छिमेकीको छोरा मान्छेलाई बोलाएर भएपनि डाली खोल्न लगाउने तर छोरी, नातिनीलाई अधिकांश परिवारमा खोल्न लगाइँदैन।

यस व्रतले आपसी सद्भाव कायम गर्नुका साथै मनोरञ्जन पनि प्रदान गरेको छ । महिलाले आफूभित्र भएको क्षमता प्रस्तुत गर्ने अवसर पनि पाउन थालेका छन्। आफन्त, साथी र छिमेकी मिलेर जितियाको सामूहिक दर खाने चलन सुरु भएको छ।

वर्ष दिनदेखि भेटघाट हुन नसकेका साथीसङ्गी, आफन्त एक आपसमा भेटघाट गरेर शुभकामना आदानप्रदान गर्ने, सामूहिक रूपमा मीठो मसिनो खाने प्रचलन बढेपछि एक अर्काबीच सम्बन्ध सुमधुर बनाउन सहयोग मिलेको छ।

जितियासम्बन्धी गीत, कथालगायत महिलामा भएको प्रतिभा प्रस्तुत गर्ने अवसर सामूहिक कार्यक्रममा जुट्न थालेको छ । कम खर्चमा हुने धार्मिक दृष्टिले एकदमै महत्त्व बोकेको व्रतका रूपमा पनि यसलाई लिन सकिन्छ । जियल, बाँसर घिरौँलाका पात अनिवार्य चढाइने हुनाले प्रकृति र पर्यावरण रक्षा गर्नुपर्छ भन्ने सन्देशसमेत यस व्रतले दिँदै आएको छ।

सोह्रश्राद्ध सुरु भएकै अवधिमा यो व्रत गर्नुपर्ने चलन रहेकाले यस व्रतमा छोरी, बुहारी सबैले पितृलाई सम्मान गरेको पाइन्छ । छोराले मात्र सोह्रश्राद्धमा पितृको श्राद्ध गर्ने प्रचलनमा सकारात्मक परिवर्तन गर्दै कतैकतै छोरीले सुरु गरे पनि यो व्रतमा त सदियौँदेखि महिलाले पनि पितृलाई पानी दिने, प्रसादी चढाउने परम्पराले पितृप्रति महिलालाई सुरुदेखि नै जिम्मेवार बनाएको छ । यस्ता पक्षलाई यो व्रतको एकदमै सकारात्मक रूपमा महिलाले लिएका छन्।

# सांसद अन्सारीको प्रतिक्रियामा कलेजको आपत्ति

**मधेशदृष्टि**
**वीरगंज।**
बाराका सांसद रहबर अन्सारीले प्रतिनिधि सभामा नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगंजबारे व्यक्त गरेको धारणामा कलेजले आपत्ति जनाएको छ।

कलेजले प्रेस विज्ञिप्ति जारी गर्दै २५ वर्षदेखि सञ्चालनमा रहेको कलेज त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको जनाएको छ।

कलेजले चिकित्सा शिक्षा आयोग, त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान, नेपाल मेडिकल काउन्सिल तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलगायत सम्बन्धित निकायको नियमित अनुगमनमा सञ्चालन भइरहेको बताएको छ।

कलेजका प्रशासन प्रमुख विश्वनाथ कन्ठले विज्ञप्ति जारी गर्दै संसदमा सांसद अन्सारीले भनेजस्तो कुनै पनि आरोप कलेजलाई छैन र पुष्टि भएको आधिकारिक निष्कर्ष वा जानकारी कलेजलाई छैन । कलेजले तथ्यमा आधारित, निष्पक्ष तथा पारदर्शी परीक्षणका लागि पूर्ण रूपमा तयार रहेको जनाउँदै आवश्यक सम्पूर्ण अभिलेख तथा विवरण उपलब्ध गराउन तयार रहेको जनाएको छ।

कलेजले अनावश्यक भ्रम र अविश्वास सिर्जना नगर्न पनि आग्रह गरेको छ।

२५ वर्षको संस्थागत इतिहास, चिकित्सा शिक्षाको गुणस्तर, सुरक्षित स्वास्थ्य सेवा, विद्यार्थीको शैक्षिक हित तथा नियामकीय मापदण्ड पालनामा कलेज प्रतिवद्ध रहेको विज्ञप्तिमा उल्लेख छ।

# मधेशमा अनलाइन उद्योग दर्ता प्रक्रिया सुरु




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा अनलाइन उद्योग दर्ता प्रक्रिया औपचारिक रूपमा सुरु गरिएको छ।

प्रदेशमा उद्योग दर्ता प्रक्रियालाई सहज, छरितो र प्रविधिमैत्री बनाउने उद्देश्यले अनलाइन प्रणाली सञ्चालनमा ल्याइएको हो । मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयअन्तर्गत उद्योग विभाग पर्साको आयोजनामा शुक्रबार आयोजित कार्यक्रममा उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेलले अनलाइन उद्योग दर्ता प्रक्रियाको शुभारम्भ गरेका हुन्।

अनलाइन उद्योग दर्ता प्रक्रियाको शुभारम्भ गर्दै मन्त्री पटेलले प्रविधिको प्रयोगमार्फत इ–गभर्नेन्स र पारदर्शी सेवा प्रवाहलाई अघि बढाउन सहयोग पुग्ने बताए।

उनले अनलाइन प्रणाली सञ्चालनमा आएपछि मधेशका उद्यमी तथा नवउद्यमीको समय, श्रम र खर्च बचत हुने बताए । उद्योग दर्ताका लागि कार्यालयमा पटक–पटक धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै सेवा प्रवाहलाई सहज बनाउन प्रणालीले सहयोग गर्ने उनको भनाइ थियो।

अनलाइन प्रणाली सञ्चालनमा आएपछि उद्योग दर्ता प्रक्रियामा सहजता आउने अपेक्षा गरिएको छ । उद्योगी तथा व्यवसायीले कार्यालयमै उपस्थित भएर लामो प्रक्रिया पूरा गर्नुपर्ने झन्झट कम हुनुका साथै दर्ता प्रक्रियामा पारदर्शिता कायम गर्न र सेवा प्रवाहलाई छरितो बनाउन सहयोग पुग्ने बताइएको छ।

अनलाइन प्रणालीमार्फत उद्योग दर्ताका लागि आवश्यक विवरण तथा कागजात पेस गर्ने प्रक्रिया सहज हुने भएकाले उद्योग सञ्चालन गर्न चाहने उद्यमीलाई समेत सुविधा पुग्ने जनाइएको छ।

कार्यक्रममा उद्योग विभागका महानिर्देशक रिया साह, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका उपसचिव रोहित पर्सैला, घरेलु तथा साना उद्योग कार्यालय धनुषाका प्रमुख सन्तोष साहलगायतको उपस्थिति रहेको थियो।

# जनकपुरधाममा प्रधानाध्यापक संघ नेपालको तेस्रो राष्ट्रिय सम्मेलन हुँदै




**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रधानाध्यापक संघ नेपालको तेस्रो राष्ट्रिय सम्मेलन जनकपुरधाममा हुने भएको छ।

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, विद्यालय नेतृत्व सुदृढीकरण तथा तीनै तहका सरकारबीच शैक्षिक सहकार्य बढाउने उद्देश्यले मंसिर ४ देखि ६ गतेसम्म राष्ट्रिय शिखर सम्मेलन आयोजना गर्न लागिएको हो।

सम्मेलनमा सातै प्रदेशबाट १ हजारभन्दा बढी प्रधानाध्यापक, शिक्षक, शिक्षाविद्, स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधि र शिक्षा क्षेत्रका सरोकारवालाको सहभागिता रहने आयोजकले जनाएको छ।

प्रधानाध्यापक संघ नेपालका केन्द्रीय अध्यक्ष सुदाम गौतमले विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि विद्यालय नेतृत्व, स्थानीय सरकार, शिक्षक, अभिभावक र नीति निर्माताबीच सहकार्य बढाउनु सम्मेलनको मुख्य उद्देश्य रहेको बताए।

जनकपुरधाममा हुने सम्मेलनबाट विद्यालय शिक्षाको सुधारका लागि साझा प्रतिबद्धता र आगामी कार्यदिशा तय गर्ने उद्देश्य रहेको गौतमले बताए।

प्रधानाध्यापक संघ नेपाल मधेशका अध्यक्ष सञ्जय झाले संघ राजनीतिक संगठन नभएकाले अधिकारका विषयभन्दा सामुदायिक हितका विषयमा सम्मेलनमा छलफल गरिने बताए।

सम्मेलनका क्रममा विद्यालय शिक्षाको गुणस्तर सुधार, समतामूलक पहुँच, शिक्षकको पेसागत मर्यादा तथा शैक्षिक अधिकार कार्यान्वयनलगायतका विषय समेटिएको 'जनकपुर घोषणापत्र' जारी गरिने आयोजकले जनाएको छ । सम्मेलनबाट प्रधानाध्यापक संघ नेपालको बहुवर्षीय रणनीतिक योजनासमेत सार्वजनिक गरिनेछ।

सम्मेलनमा सातै प्रदेशबाट उत्कृष्ट विद्यालय र प्रधानाध्यापकलाई पुरस्कृत गरिनेछ । शिक्षा क्षेत्रलाई प्राथमिकता दिएको स्थानीय तहलाई समेत सम्मान गरिने आयोजकले जनाएको छ।

त्यस्तै, शिक्षा पत्रकारितामा योगदान पुऱ्याउने दुई जना सञ्चारकर्मी तथा शिक्षा क्षेत्रमा दीर्घकालीन योगदान पुऱ्याउने एक जना विशिष्ट व्यक्तिलाई सम्मान गरिनेछ।

# सन्तानप्रति समर्पित तराई–मधेसमा जितिया व्रत सुरू

**सप्तरी।**

*जितिया पावनी बड भारी*
*धिया पुताक ठोकी सुताबै*
*अपना खायब भरि थारी ॥*

हाम्रो देशमा बसोबास गर्ने विभिन्न जातजाति समुदायले विभिन्न चाडपर्व रीतिरिवाज र संस्कृति मनाउँदै आएका छन् । चाडपर्व र संस्कृतिले हामीलाई विश्वमा चिनाएको छ । मधेसको संस्कृति चाडपर्व, रीतिरिवाजको पनि छुट्टै महत्त्व र विशेषता रहेको छ । तराई–मधेसमा मनाइने चाडपर्वमध्ये जितिया एक हो । यो



व्रत सन्तान प्राप्ति तथा सन्तानको दीर्घायु र सुस्वास्थ्य र सन्तानप्रतिको ममतासँग जोडिएको कठोर व्रत हो । यो व्रत परापूर्वकालदेखि तराई मधेसका महिलाले गर्दै आएका छन् । यो व्रत थारू समुदायले पनि उत्तिकै महत्त्वका साथ गर्दै आइरहेका छन्। यस वर्ष शुक्रबार षष्टि तिथिदेखि तराई–मधेस महिलाले यो व्रत विधिवत् सुरू गरेका छन् । पोखरी वा तलाउमा गएर नुहाएर विधिवत् व्रतको प्रक्रिया सुरू गर्ने र शनिबार सप्तमा तिथिको दिन निराधार पानी पनि नखाई व्रत बस्ने छन् । व्रतको

*बाँकी पृष्ठ ३ मा*

# जनकपुरधामलाई स्वच्छ, सुरक्षित र पर्यटकमैत्री बनाउन तत्काल सुधारको माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**



जनकपुरधाम उपमहानगरपालिकाभित्र सरसफाइ, सडकबत्ती, सडक तथा नाला व्यवस्थापन, ट्राफिक व्यवस्थापन र पर्यटकमैत्री वातावरण निर्माणमा तत्काल सुधार गर्न माग गरिएको छ।

जनसरोकार अभियानले जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहलाई ज्ञापनपत्र बुझाउँदै धार्मिक तथा ऐतिहासिक नगरीको पहिचान कायम राख्न नगर क्षेत्रको आधारभूत व्यवस्थापनमा सुधार आवश्यक रहेको जनाएको हो।

अभियानका अध्यक्ष जितेन्द्र महासेठ र महासचिव कौशल्या कुशवाहासहितको टोलीले शुक्रबार नगर प्रमुख साहलाई ज्ञापनपत्र बुझाउँदै जनकपुरधामको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वअनुसार नगर व्यवस्थापनलाई प्राथमिकता दिन माग गरेको हो।

अभियानले लामो समयदेखि नियमित र प्रभावकारी फोहोर व्यवस्थापन हुन नसक्दा नगरका विभिन्न स्थानमा दुर्गन्ध फैलिने तथा फोहोरका कारण जनस्वास्थ्यमा समेत असर पर्न सक्ने अवस्था रहेको जनाएको छ । धार्मिक पर्यटकीय नगरीका रूपमा देश–विदेशमा पहिचान बनाएको जनकपुरधाममा नियमित सरसफाइसँगै दीर्घकालीन फोहोर व्यवस्थापनको योजना कार्यान्वयन गर्नुपर्ने अध्यक्ष महासेठले बताए।

जानकी मन्दिर तथा आसपासका क्षेत्रमा विशेष सरसफाइको व्यवस्था गर्नसमेत अभियानले माग गरेको छ। सरकारले जनकपुरधामका केही क्षेत्रलाई विशेष संरक्षित क्षेत्र घोषणा गरेको सन्दर्भ उल्लेख गर्दै संरक्षित क्षेत्रको गरिमा झल्किने गरी सरसफाइ र व्यवस्थापन गर्नुपर्ने अभियानको भनाइ छ।

त्यस्तै, नगरभित्रका सडकबत्ती तथा गल्लीका पोलबत्तीको अवस्था सुधार गर्न पनि माग गरिएको छ । सडक तथा गल्लीमा पर्याप्त प्रकाशको व्यवस्था नहुँदा चोरीलगायतका घटना बढ्न सक्ने भन्दै चाडपर्वका समयमा नागरिकलाई सुरक्षित वातावरण उपलब्ध गराउन तत्काल सडकबत्ती मर्मत गरी सञ्चालनमा ल्याउन अभियानले आग्रह गरेको छ।

जनकपुरधामका विभिन्न सडक जीर्ण तथा भत्किएको भन्दै तत्काल मर्मत गर्न पनि अभियानले माग गरेको छ । सडकको खराब अवस्थाका कारण पैदल यात्रु तथा सवारीसाधनको आवागमनमा समस्या हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढेको ज्ञापनपत्रमा उल्लेख छ।

सडक तथा नालाका खुला र जीर्ण चेम्बर तत्काल मर्मत गर्नुपर्ने मागसमेत अभियानले गरेको छ । खुला चेम्बरका कारण पैदल यात्रु जोखिममा पर्ने गरेको उल्लेख गर्दै हालै एक बालिकाको खुट्टा चेम्बरमा फसेर जोखिममा परेको घटनासमेत अभियानले स्मरण गराएको छ।

सडकपेटीका टुटफुट भएका भाग मर्मत गरी पैदल यात्रुका लागि सहज आवागमनको व्यवस्था गर्न तथा सडक, नाला, चेम्बर र फुटपाथको नियमित निरीक्षण गरी जोखिमयुक्त स्थान तत्काल पहिचान गरेर मर्मत गर्न अभियानले माग गरेको छ।

अभियानले जनकपुरधामको ट्राफिक व्यवस्थापनलाई व्यवस्थित बनाउनसमेत ध्यानाकर्षण गराएको छ। नगरभित्र अटो रिक्सा अव्यवस्थित रूपमा सञ्चालन हुँदा पैदल यात्रु तथा अन्य सवारी चालकलाई आवागमनमा समस्या हुने गरेको भन्दै अटो रिक्साको पार्किङ, रुट र सञ्चालनलाई व्यवस्थित गर्न आग्रह गरिएको छ।

अटो रिक्सा सञ्चालनसम्बन्धी विगतमा भएका सर्वपक्षीय निर्णय कार्यान्वयन गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ।

त्यसैगरी, जनकपुरधाम आउने पर्यटक तथा तीर्थयात्रीले भोग्नुपरेका समस्यालाई गम्भीर रूपमा लिन अभियानले आग्रह गरेको छ । धार्मिक तथा ऐतिहासिक महत्व बोकेको शहरमा सरसफाइ, सडक, बत्ती, ट्राफिक र सार्वजनिक पूर्वाधारको उचित व्यवस्थापन नहुँदा पर्यटकमा नकारात्मक प्रभाव पर्न सक्ने अध्यक्ष महासेठले बताए।

पर्यटकका लागि सहज र सुरक्षित वातावरण निर्माण गर्न सके जनकपुरधामको धार्मिक पर्यटन प्रवद्र्धनसँगै स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने अभियानको भनाइ छ।

अभियानले ज्ञापनपत्रमा उल्लेखित विषयमा तत्काल आवश्यक कदम चाल्दै जनकपुरधामलाई स्वच्छ, सुरक्षित, व्यवस्थित र पर्यटकमैत्री धार्मिक नगरीका रूपमा विकास गर्न उपमहानगरपालिकासँग आग्रह गरेको छ।

# कमला नदी संरक्षणको सन्देश: जनकपुरधाम–देहरादुन ५२ दिने साइकल यात्रा सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम।**



कमला नदी तथा यसको जलाधार क्षेत्रको संरक्षणबारे जनचेतना फैलाउने उद्देश्यले जनकपुरधामदेखि भारतको देहरादुनसम्म ५२ दिने अन्तर्राष्ट्रिय साइकल यात्रा सुरु भएको छ।

कमला जलाधार संरक्षण अभियान 'कमला बचाउ अभियान'को आयोजनामा जनकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गणबाट शुक्रबार साइकल यात्रा सुरु गरिएको हो । यात्राको उद्घाटन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले गरेका छन्।

साइकल यात्राको नेतृत्व भारतका पर्यावरण अभियानी अनिल प्रकाश जोशीले गर्नेछन्। उद्घाटन कार्यक्रममा प्रदेश प्रमुख लाभले जोशीले उमेरको यो चरणमा समेत पर्यावरण तथा नदी संरक्षणको अभियानको नेतृत्व गर्नु प्रशंसनीय रहेको बताए।

जनकपुरधामबाट सुरु भएको यात्रा भारतका विभिन्न राज्य हुँदै देहरादुन पुगेर सम्पन्न हुनेछ । यात्राका क्रममा बिहार, झारखण्ड, राजस्थान र उत्तर प्रदेश हुँदै देहरादुन पुग्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ।

कमला नदी तथा यसको जलाधार क्षेत्रको संरक्षणसँगै नदी र जलस्रोतको महत्वबारे नेपाल तथा भारतका विभिन्न स्थानमा जनचेतना अभिवृद्धि गर्नु यात्राको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ।

कमला नदीसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएका समुदायलाई नदी संरक्षणमा सहभागी गराउने तथा जल, पर्यावरण र सांस्कृतिक सम्बन्धका विषयमा दुई देशबीच जनस्तरमा संवाद र सचेतना बढाउने उद्देश्यसमेत यात्राले लिएको बताइएको छ।

कमला नदी नेपाल र भारत दुवै देशका विभिन्न भूभाग हुँदै बग्ने भएकाले यसको संरक्षणका लागि सीमापार सहकार्य आवश्यक रहेको सन्देश साइकल यात्रामार्फत प्रवाह गरिने आयोजकको भनाइ छ।

५२ दिनसम्म सञ्चालन हुने यात्राले कमला नदीको संरक्षण, जलाधार क्षेत्रको दिगो व्यवस्थापन तथा वातावरण संरक्षणलाई नेपाल–भारतबीचको साझा सरोकारका रूपमा अघि बढाउन सहयोग पुग्ने विश्वास आयोजकले व्यक्त गरेको छ।

# बागमती–३ का वडाध्यक्ष मोक्तानको निधन

**सर्लाही।**
बागमती नगरपालिका–३ का वडाध्यक्ष तिलक मोक्तानको शुक्रबार निधन भएको छ।



केही समयदेखि मुटुको उपचारमा रहेका ५२ वर्षीय वडाध्यक्ष मोक्तानको त्रिवि शिक्षण अस्पतालमा निधन भएको छोरा सिद्धार्थ मोक्तानले जानकारी दिए । उपचारकै क्रममा मुटुको शल्यक्रिया गर्ने सन्दर्भमा सघन उपचार कक्षमा पुर्याए लगतै उनको निधन भएको अस्पताल प्रशासनले जानकारी दिएको छ।

स्वास्थ्यमा समस्या देखिएपछि उनी भदौको पहिलो साता काठमाडौँ गएका थिए । उनी तत्कालीन नेकपा (माओवादी केन्द्र) बाट नगरपालिका–३ को वडाध्यक्षमा विसं २०७४ र २०७९ को स्थानीय निर्वाचनमा निर्वाचित जनप्रतिनिधि हुन्।

उनले आफ्नो राजनीतिक कर्मक्षेत्रमा एउटा असल समाजसेवी र कुशल सङ्गठनकर्ताको छवि बनाएका थिए । मोक्तानका श्रीमती, एक छोरा र तीन छोरी छन्।

# पाँच लाख धरौटी बुझाउने रिहा, नबुझाउने थुनामा

**मधेशदृष्टि**
**वीरगंज।**
क्रिप्टोकरेन्सी र हुण्डीमार्फत ठूलो रकम कारोबार गरेको आरोपमा पक्राउ परेका तीन नेपालीमध्ये एक जना धरौटीमा रिहा भएका छन् भने दुई जना कारागार चलान भएका छन् । साउन २५ गते वीरगंज महानगरपालिका–१० आदर्शनगरबाट ५२ लाख ५० हजार रुपैयाँ नगदसहित चार जना पक्राउ परेका थिए । पक्राउ परेकामध्ये तीन नेपालीलाई जिल्ला अदालत पर्साले जनही पाँच लाख रुपैयाँ धरौटी माग गरेको थियो । बाराका सागरकुमार साहले धरौटी बुझाएर रिहा भएका छन् भने उपेन्द्रकुमार साह र पर्साका राहुलकुमार गुप्ताले धरौटी बुझाउन नसकेपछि कारागार चलान भएका छन् । भारतीय नागरिक सुरजकुमारको हकमा भने छुट्टै प्रक्रिया अघि बढाइएको छ।

प्रहरी अनुसन्धानमा पक्राउ परेकाहरूको विभिन्न बैंक खातामार्फत करिब दुई अर्ब ३९ करोड रुपैयाँ बराबरको शंकास्पद कारोबार देखिएको जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन